छत्रकोट गाउँपालिका
Chhatrakot Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
चोयगा, गुल्मी
Choyaga, Gulmi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं./Ref. No.: ०७९/८०
च.नं./Dis. No.:

मितिः २०७९।१२।०६

## गुनासो सुनुवाई सम्बन्धी १५ दिने सार्वजनिक सूचना

गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाइ मार्गदर्शन, २०७८ दफा २ अनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार काठमाडौंबाट प्रकाशित प्रारम्भिक सूची यसै सूचना साथ संलग्न छ । संलग्न सूची र मार्गदर्शनको दफा ३ को तपसिल अनुसारको आधारमा दफा ४ बमोजिम उजुरी गर्नुपरेमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस गाउँपालिकाको गुनासो सुनुवाई अधिकारी समक्ष अनुसूची-२ वा अनुसूची-३ बमोजिमको ढाँचामा सम्पूर्ण विवरणहरु भरी गुनासो गर्न सकिने व्यहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### गुनासो दर्ता गर्ने आधारहरु

१. गरिब परिवारमा समावेश हुनुपर्नेमा प्रारम्भिक सूचीमा नपरेको भन्ने लागेमा सम्बन्धित परिवारको १८ वर्ष उमेर पुरा भएको सदस्यले अनुसूची-१ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली गुनासो दर्ता गर्नुपर्नेछ ।

२. गरिब परिवारमा समावेश नहुनुपर्नेमा उक्त सूचीमा प्रकाशन भएको देखिएमा यस गाउँपालिकामा स्थायी बसोबास गर्ने जोसुकै व्यक्तिले अनुसूची- १ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली उजुरी दिन सक्नेछ ।

३. गरिब परिवारको वर्गीकरण गर्दा एक वर्गमा समावेश गर्नुपर्ने परिवारलाई अर्को वर्गमा वर्गीकरण गरेको भन्ने विषयमा उजुरी दिनुपरेमा सम्बन्धित व्यक्तिले अनुसूची- १ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली उजुरी दिन सक्नेछ ।

०७९।१२।०६

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत